## लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको

## चौबिसौं (२४ औं ) वार्षिक साधारण सभाको

काम कारवाहीको विवरण (माईन्यूट)

**१. प्रारम्भिकः**

कम्पनी ऐन २०६३ र यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको नियमावली बमोजिम कम्पनीको २४ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री रत्नाकर पटनायकज्यूको अध्यक्षतामा देहाय बमोजिमको मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो।

**२. सभा भएको मिति, स्थान र समयः**

मितिः २०८२ साल पौष ३० गते बुधबार (१४ जनवरी २०२६)

स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।

समयः बिहान ११:१५ बजे प्रारम्भ भई अपरान्ह १२:१५ बजे सम्पन्न।

**३. सभाको सूचनाः**

यस कम्पनीको २४ औं वार्षिक साधारण सभा सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम ९ बमोजिम प्रथम पटक २०८२/०९/०९ गतेको नयाँ पत्रिका दैनिक, दोस्रो पटक २०८२/०९/२१ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित सूचना एवं यस कम्पनीको वेभसाइटमा राखिएको सूचना बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषय सूचिको साथै आ.व. २०८१/८२ को संक्षिप्त वार्षिक आर्थिक विवरण सम्वन्धी जानकारी सहितको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई जानकारी गराइएको थियो।

**४. छलफल गरिएका विषय सूची:**

**(क) साधारण प्रस्तावहरुः**

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०८१/८२ प्रस्तुत गरी अनुमोदन गर्ने।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।

(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम बहालवाला लेखापरीक्षक श्री के.जे. एशोशिएट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)

(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रू. ५,५०,००,००,०००/- को २१.०५२६ प्रतिशत (२० प्रतिशत नगद लाभांश रू. १,१०,००,००,०००/- र १.०५२६ प्रतिशत कर प्रयोजन समेतको लागि रू. ५,७८,९४,७३७ ) को दरले हुने कूल रु. १,१५,७८,९४,७३७/- नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(५) संस्थापक शेयरधनीको तर्फबाट नियुक्त सञ्चालकहरू एवं स्वतन्त्र संचालकको नियुक्तिलाई अनुमोदन गर्ने।

**(ख) बिशेष प्रस्तावहरुः**

(१) संचालक समितिका अध्यक्ष र सदस्यहरुको बैठक भत्ता वृद्धि गर्ने प्रस्ताव पारित गर्ने।

(२) कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम आ.व. २०८१/८२ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको अनुमोदन गर्ने।

**(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु।**

**५. उपस्थितिः**

**५.१ सञ्चालकहरुको उपस्थितिः**

(क) श्री रत्नाकर पटनायक - अध्यक्ष

(ख) श्री परमेन्द्र हरि - सञ्चालक

(ग) श्री विशाल अग्रवाल - सञ्चालक

(घ) श्रीमती शुभाङ्गी सोमन - सञ्चालक

(ङ) श्रीमती कोमल अग्रवाल - सञ्चालक

(च) श्री प्रणय कुमार - सञ्चालक/ प्रमुख कार्यकारी अधिकृत

**५.२ कम्पनी पदाधिकारीको उपस्थितिः**

(क) श्री ए दत्ता - नायब प्रमुख कार्यकारी अधिकृत

(ख) श्री रोहित बुदियाल - प्रमुख - सूचना प्रविधि विभाग

(ग) श्री सुदर्शन गिरी - कम्पनी सचिव

(घ) श्री श्रीखण्ड श्रेष्ठ - प्रमुख-दावी भिभाग

(ङ) श्रीमती जिरेनियम श्रेष्ठ - प्रमुख- मानव संसाधन विभाग

(च) श्रीमती ममता पौडेल - प्रमुख - पोलिसी सर्भिसिङ विभाग

(छ) श्रीमती सबिना श्रेष्ठ - प्रमुख - अण्डरराइटिङ विभाग

(ज) श्रीमती संगीता मैनाली - प्रमुख - लगानी विभाग

(झ) श्री गिरिराज घिमिरे - प्रमुख - अफिस सर्भिस विभाग

(ञ) श्री प्रकाशभक्त उपाध्याय - प्रमुख - मार्केटिङ्ग विभाग

(ट) श्री दामोदर पौड्याल - प्रमुख - लेखा विभाग

(ठ) श्री ध्यानी मण्डल - प्रमुख -जोखिम व्यवस्थापन/ सम्पत्ति शुद्विकरण विभाग

साथै कर्पोरेट कार्यालयका अन्य कर्मचारीहरुको उपस्थिति रहेको।

५.३ अन्य:

(क) श्री उथुप जोसेफ - **विशेष आमन्त्रित**-ED/IO, भारतीय जीवन बीमा निगम

(ख) श्री बिशेष चौधरी - **बाह्य लेखा परिक्षक** - के.जे एण्ड एशोशिएट्स

**६. शेयरधनीहरुको उपस्थिति:**

भौतिक रुपमा जम्मा उपस्थित संख्या: ९३

**७. गणपुरक संख्या एवं बैधानिकता:**

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक/ सर्वसाधारण समूह) | ३०,५६६ जना | ९३ | ७९.७९७ % |
| शेयरधनीहरुले ग्रहण गरेको कित्ता | ५,५०,००,००० कित्ता | ४,३८,८८,५८२ कित्ता | |

सभाको प्रारम्भमा उद्घोषक कम्पनी सचिव श्री सुदर्शन गिरीले यो २४ औं वार्षिक साधारणसभा कम्पनीको नियमावली र प्रचलित ऐन कानून बमोजिम बोलाइएको र हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कूल सहभागी संख्या ९३ रहेको र कूल शेयरको ७९.७९७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा गणपुरक संख्या पुगेकोले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनुभयो।

८. **सभाको अध्यक्षता र सभा सञ्चालनः**

कम्पनीको २४ औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीको नियम १३.१५ (ग) बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री रत्नाकर पटनायकज्यूले गर्नु भयो र तत्पश्चात  पानसमा दीप प्रज्वलन गरी सभाको विधिवत् प्रारम्भ गर्नु भयो । प्रचलित कानून पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ को अधिनमा रही अध्यक्ष श्री रत्नाकर पटनायकज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

९. **२४ औं वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा अध्यक्ष श्री रत्नाकर पटनायकज्यूले शेयरधनी महानुभावहरूलाई आफ्नो स्वागत मन्तव्य सहित आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन अंग्रेजी भाषामा सभामा प्रस्तुत गर्नुभयो । अध्यक्षको मन्तव्य प्रस्तुत भएपछि सञ्चालक समितिको चौबिसौं वार्षिक प्रतिवेदन उपर छलफलमा भाग लिई आ-आफ्नो विचार, जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्न इच्छुक शेयरधनीहरूलाई अध्यक्षको अनुमतिले कम्पनी सचिवले आह्वान गर्नुभयो ।

१०. **छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनीहरू:**

(क) श्री निराजन कुमार श्रेष्ठ

(ख) श्री माधव सिंखडा

(ग) श्री चन्द्रनारायण श्रेष्ठ (लिखित मन्तव्य)

(घ) श्री व्यास कुमार शर्मा (लिखित मन्तव्य)

(ङ) श्री उत्तमदत्त पाण्डे  (लिखित मन्तव्य)

(च) श्री नरसिंह लाल चखूँ (लिखित मन्तव्य)

(छ) श्री उत्सव सुन्दर श्रेष्ठ (लिखित मन्तव्य)

(ज) श्री दामोदर प्रसाद रेग्मी (लिखित मन्तव्य)

(झ) श्री भेषराज भण्डारी (लिखित मन्तव्य)

(ञ) श्री जगन्नाथ आचार्य (लिखित मन्तव्य)

(ट) श्री लक्ष्मण ब. श्रेष्ठ (लिखित मन्तव्य)

(ठ) श्री प्रा. डा. रामजी प्रसाद पण्डित (लिखित मन्तव्य)

११. **छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांशः**

- कम्पनीले गत वर्ष आफ्ना शेयरधनीलाई ८८.४५१६८ प्रतिशत हकप्रद शेयर जारी गरेको र तत्पश्चात १० प्रतिशत बोनश शेयर प्रदान गरी हाल २० प्रतिशत नगद लाभांश प्रदान गरेकोमा खुशी व्यक्त गर्दै आगामी वर्ष बोनस शेयर तथा नगद लाभांश दुवै संयुक्त रुपमा प्रदान गर्न आग्रह गर्नु भयो ।
- बीमा बजारमा प्रतिस्पर्धा बढिरहेकोले सोको लागि उपयुक्त रणनिति निर्माण गर्न, लगानीलाई विविधिकरण गरी आयमा वृद्धि गर्न आग्रह गर्नुभयो ।
- बीमालेख बिक्री संख्यामा कमी आएको भए ता पनि प्रमुख वित्तिय सुचांकहरू सन्तोषप्रद रहेकोमा खुशी व्यक्त गर्दै कम्पनीको आगामी २५ औं साधारण सभा पनि २४ औं साधारण सभा जस्तै निर्धारित समय सीमा भित्रै सम्पन्न होस् भनी कामना गर्नुभयो ।
- नेपाल बीमा प्राधिकरणले वित्तिय विवरण स्वीकृत गर्दा दिएको शर्तहरुमा र कमजोर देखिएका वित्तिय सुचांकहरुमा ध्यान दिन अनुरोध गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।
- CSR अन्तर्गतको खर्चहरू गरिबी निवारण तथा अति विपन्न वर्गको उत्थान हुने कार्यक्रममा केन्द्रित गर्न सुझाव दिनुभयो ।

**१२. शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति प्रतिउत्तर:**

अध्यक्ष श्री रत्नाकर पटनायकज्यूले शेयरधनीहरुको प्रश्न र जिज्ञासाहरुप्रति सामुहिक जवाफ दिनुहुँदै शेयरधनीहरुले व्यक्त गर्नुभएका महत्वपूर्ण सुझाव, सकारात्मक प्रतिक्रिया र सुधारका लागि अवलम्बन गर्नुपर्ने उपायहरुका लागि हार्दिक आभार प्रकट गर्नु भयो ।

त्यसै गरी अध्यक्षज्यूको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रणय कुमारले शेयरधनीहरुको थप प्रश्न र जिज्ञासाहरुप्रति सामूहिक प्रतिउत्तर दिनुभई सम्पूर्ण शेयरधनी महानुभावहरु, बीमितहरू लगयात अन्य सरोकारवालाहरुको बृहत्तर हित हुने गरी कम्पनी संचालन गरिने जानकारी गराउनु भयो । यस कम्पनीको मातृ कम्पनी संसारमा चौथों स्थानमा रहेको भारतीय जीवन बीमा निगम भएकोले हाम्रो लागि गौरवको विषय रहेको र कम्पनीलाई दीर्घकालीन रुपमा संचालन गर्न र शेयरधनी महानुभावहरूलाई उचित प्रतिफल दिन आफ्नो दिलोज्यानले प्रयत्न गरिरहेको श्री कुमारले जानकारी गराउनु भयो ।

**१३. उत्कृष्ट कार्य गर्ने अभिकर्ताहरुलाई सम्मान:**

सभाको काम कारवाहीलाई अगाडी बढाउने सिलसिलामा यस कम्पनीमा उच्च बीमा शुल्क संकलन गर्ने प्रथम र दोस्रो स्थानमा रहनुभएका TOT स्थान हासिल गर्न सफल अभिकर्ताद्वय श्री पुर्ण बहादुर खड्का र श्री रामकुमार अधिकारी तथा सन् २०२७ को सबैभन्दा चाँडो MDRT लक्ष्य पुरा गर्ने अभिकर्ता जे पी सिंहलाई अध्यक्ष रत्नाकर पटनायक ज्यूले सम्मान गर्दै आगामी दिनमा अझै उत्कृष्ट कार्य गर्नु भनी शुभकामना दिनु भयो ।

**१४. सभाको निर्णय:**

**(क) साधारण प्रस्ताव अन्तर्गत भएका निर्णयहरु:**

**(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०८१/८२ प्रस्तुत गरी अनुमोदन गर्ने।**

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०८१/८२ सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

**(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने।**

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८१/८२ को वासलात, आय-व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

**(३) लेखा परिक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने। (कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम बहालवाला लेखापरीक्षक श्री के.जे. एशोशिएट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ)**

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/८३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको लेखा परिक्षण समितिको सिफारीस बमोजिम श्री के.जे. एशोसिएट्सलाई पुनः नियुक्त गर्न मु.अ.क बाहेक रू १५,००,०००/- (बाऱ्ह लाख) पारिश्रमिक निर्धारण गरि सो लाई अनुमोदन गर्ने प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

**(४) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रू. ५,५०,००,००,०००/- को २१.०५२६ प्रतिशत (२० प्रतिशत नगद लाभांश रू. १,१०,००,००,०००/- र १.०५२६ प्रतिशत कर प्रयोजन समेतको लागि रू. ५,७८,९४,७३७ ) को दरले हुने कूल रु. १,१५,७८,९४,७३७/- नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।**

अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको सञ्चालक समितिबाट प्रस्तावित चुक्ता पूँजी रू. ५,५०,००,००,०००/- को २१.०५२६ प्रतिशत (२० प्रतिशत नगद लाभांश रू. १,१०,००,००,०००/- र १.०५२६ प्रतिशत कर प्रयोजन समेतको लागि रू.५,७८,९४,७३७) को दरले हुने कूल रु. १,१५,७८,९४,७३७/- नगद लाभांश वितरण गर्न गरेको प्रस्तावलाई सभाद्वारा सर्वसम्मतिका साथ पारित गरियो।

**(५) संस्थापक शेयरधनीहरुको तर्फबाट नियुक्त तथा स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने।**

संस्थापक शेयरधनी भारतीय जीवन बीमा निगमबाट प्रतिनिधित्व गर्नु हुने सञ्चालक श्री तबलेश पाण्डेय सेवा निवृत्त हुनुभई रिक्त रहेको स्थानमा निगमले सिफारिश गरे बमोजिम श्री परमेन्द्र हरिलाई सञ्चालक

समितिको सदस्य पदमा गरिएको नियुक्ति, त्यसै गरी संस्थापक शेयरधनी श्री विशाल ग्रुप लि.बाट प्रतिनिधित्व गर्नुहुने संचालक श्री अशोक कुमार अग्रवालज्यूको राजीनामा पछि रिक्त रहेको स्थानमा विशाल ग्रुप लि. ले सिफारिस गरे बमोजिम श्री विशाल अग्रवाललाई संचालक समितिको सदस्य पदमा गरिएको नियुक्ति तथा स्वतन्त्र संचालक प्रविन कुमार मोलरीको ४ वर्षे कार्यकाल समाप्त भई रिक्त रहेको उक्त स्थानमा नियुक्त हुनुभएकी स्वतन्त्र संचालक श्रीमती शुभाङ्गी सोमनको नियुक्तिलाई अनुमोदन गर्न अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मतिका साथ अनुमोदन गर्‍यो ।

**(ख) विशेष प्रस्ताव अन्तर्गत भएका निर्णयहरू:**

**(१) संचालक समितिका अध्यक्ष र सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।**

संचालक समितिका अध्यक्षको बैठक भत्ता साविकको रू. १८,०००/- बाट वृद्धि गरी रू. ३५,०००/- कायम गर्ने र त्यसै गरी अन्य संचालक सदस्यहरुको बैठक भत्ता साविकको रू. १५,०००/- बाट वृद्धि गरी रू.३०,०००/- कायम गर्ने प्रस्ताव पारित गर्न अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिका साथ पारित गरियो ।

**(२) कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम आ.व. २०८१/८२ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको अनुमोदन गर्ने ।**

कम्पनीले आर्थिक वर्ष २०८१८२/ मा संस्थागत सामाजिक उत्तरदायित्व खर्च अन्तर्गत प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा प्रदान गरेको रू. ३१ लाख खर्चलाई कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम अनुमोदन गर्न अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मतिका साथ अनुमोदन गर्‍यो ।

**(ग) अध्यक्षको अनुमतिले अन्य कुनै विषय नरहेको जानकारी गराईयो ।**

**१५. धन्यवाद ज्ञापन र विसर्जन:**

अन्त्यमा, सभाध्यक्ष श्री रत्नाकर पटनायकज्यूले साधारण सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यस लाइफ इन्स्योरेन्श कर्पोरेशन (नेपाल) लि. को २४ औं वार्षिक साधारणसभा भव्य र शभ्य रुपमा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै अपरान्ह १२.१५ बजे सभाको विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ............... | ............... |
| श्री सुदर्शन गिरी | श्री रत्नाकर पटनायक |
| (कम्पनी सचिव) | (अध्यक्ष ) |

Life Insurance Corporation (Nepal) Ltd.